# रामेछाप नगरपालिकाको सातौं नगर सभामा रामेछाप नगरपालिकाका उप प्रमुख श्री सृजना खड्काज्यूले पेश गर्नु भएको

# आ.व. २०७७/०७८ को नीति, कार्यक्रम तथा बजेट

**रामेछाप नगरपालिका प्रमुख एवं यस सभाका सभाध्यक्ष महोदय,**

**नगर सभाका सदस्य ज्यूहरु,**

रामेछाप नगरपालिकाको सातौं नगर सभामा उपस्थित सम्पूर्ण सदस्यज्यूहरुमा हार्दिक स्वागत गर्दछु । मुलुकको राष्ट्रियता, अखण्डता, सार्वभौमसत्ता, राष्ट्रिय स्वाधिनता, गणतन्त्र, संघीयता, स्वतन्त्रता तथा शान्ती र संबृद्धिका लागि विभिन्न कालखण्डमा आफ्नो अमूल्य ज्यान उत्सर्ग गर्नु हुने ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहान्छु। मुलुकको लोकतन्त्र प्राप्तिको अभियानमा नेतृत्व प्रदान गर्नु हुने हाम्रा वीर पुर्खा तथा अग्रजहरु प्रति उच्च सम्मान व्यक्त गर्दै अग्रगामी रुपान्तरणमा उहाँहरुले पुऱ्याउनु भएको योगदानको स्मरण गर्न चाहान्छु।

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाईरस (कोभिड-१९) को कारण हामी सबैले एकै पटक मानविय तथा आर्थिक संकट सामना गर्नु परेको छ। मानव स्वास्थ्य संकटका कारणले उत्पादन, व्यापार तथा लगानी सम्मको अवस्था प्रभावित भई अर्थतन्त्रमा समेत संकुचन आउने देखीएको छ। यस महामारीलाई रोकथाम तथा नियन्त्रण गर्न अहिलेको प्रमुख चुनौतीको रुपमा रहेको छ । रामेछाप नगरपालिकाले पनि आफ्ना नगरवासी नागरीकहरुकालागि महामारीबाट बाच्न र बचाउन विभिन्न क्रियाकलापहरु संचालन गर्दै आएको छ र आगामी दिनमा समेत ति क्रियाकलापहरु नियमित रुपमा गर्नु पर्ने थप चुनौतिको रुपमा रहेको छ।

**सभाध्यक्ष महोदय,**

संघिय र प्रदेश सरकारबाट नगरपालिकालाई प्राप्त हुने वित्तिय समानिकरण, सशर्त, समपुरक, विशेष तथा अन्य अनुदान र राजस्व एवं सवारी साधन कर बाडाफाँड बापत प्राप्त हुने रकमका साथै नगरपालिकाको आन्तरीक आय तथा विभिन्न श्रोतबाट नगरपालिकाको सञ्चित कोषमा प्राप्त हुने रकम र अन्तर सरकारी अख्तियारी मार्फत प्राप्त हुने रकमलाई न्यायोचित एवं समानुपातिक रुपमा विभिन्न योजना तथा कार्यक्रमहरुमा विनियोजन गरिएको छ । यस वर्ष योजना तथा कार्यक्रम छनौट गर्दा कोरोना भाईरस (कोभिड-१९) लाई उच्च प्राथमिकतामा राखी स्थानीय श्रोत साधनमा आधारीत भई जनसहभागीता अभिबृद्धि गर्ने, स्थानीय राजस्व परिचालनमा प्रत्यक्ष योगदान पुऱ्याउने, लैंगिक समानता, सामाजिक समावेशिकरण अभिबृद्धि हुने, आर्थिक विकास र गरिबी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने, उत्पादनमुलक र छिटो प्रतिफल दिने, सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान पुऱ्याउने, विपद व्यवस्थापन र वातावरण संरक्षणमा योगदान पुऱ्याउने, कृषि र पशुपालनलाई व्यवसायीकरण तथा आधुनिकीकरण गर्ने उद्यमशिलता विकास र तुलनात्मक रुपमा

विकासको मूलप्रवाहमा पछि परेका वर्ग र समूहको उत्थान एवं मूलप्रवाहीकरणमा योगदान पुऱ्याउने किसिमका आयोजना तथा कार्यक्रमहरुलाई क्रमशः प्राथमिकता क्रम दिई रकम विनियोजन गरिएको छ।

पहिलो घोषणा अनुसार २०७२ मंसिर १६ मा रामेछाप, सुकाजोर र ओखेनी गरी ३ वटा गाविसहरु मिलाएर रामेछाप नगरपालिका घोषणा भएको थियो भने पछिल्लो पटक २०७३ साल फागुन २२ गते थप ५ वटा गाविसहरु ( साँघुटार, रामपुर, हिमगंगा, गोठगाँउ र देउराली) समेटेर हालको नगरपालिका गठन भएको हो।

यो नगरपालिका जिल्लाको ८ वटा पालिका मध्ये पुर्वी क्षेत्रमा पर्ने नगरपालिका हो जसले साविकका ८ वटा गाविसहरुलाई समेटेको छ। नगरपालिकाको पुर्वमा ओखलढुंगा जिल्ला, दक्षिणमा सिन्धुली जिल्ला, पश्चिममा रामेछाप जिल्लाको मन्थली नगरपालिका र उत्तरमा रामेछाप जिल्लाको मन्थली नगरपालिका तथा लिखु तामाकोशी गाँउपालिका रहेको छ। जिल्लाको सबै भन्दा होचो स्थान कोलन्जोरघाट ३६९ मी. देखी सवैभन्दा अग्लो स्थान रामेछाप नगरपालिका वडा नं. १ गोगने खराने शिरान २०९४ मि. रहेको छ। यो नगरपालिकामा साविकको गोठगाँउ, देउराली, साँघुटार, हिमगंगा, रामपुर, ओखेनी, सुकाजोर, रामेछाप गाविस समेटेर ९ वटा वडा बनेको छ।

यस नगरपालिकाको कुल क्षेत्रफल २०२.४५ वर्ग किलोमीटर रहेको छ। नगरपालिकामा रहेको ९ वटा वडा मध्ये क्षेत्रफलको आधारमा वडा नं ५ रामपुर ठुलो र वडा नं ९ ल्याङ्ग ल्याङ्ग सबै भन्दा सानो रहेको छ भने घरधुरीको आधारले वडा नं ४ हिमगंगा बढि रहेको छ र कम घरधुरी वडा नं. ९ ल्याङ्ग ल्याङ्गमा रहेको छ। यो नगरपालिका खुल्ला दिसामुक्त र पुर्ण खोपयुक्त नगर समेत घोषणा भएको छ।

**सभाध्यक्ष महोदय,**

रामेछाप जिल्लामा घोषणा गरिएको सुख्खाग्रस्त क्षेत्रको साविकको १८ गाविस मध्ये यस नगरपालिका भित्रका ४ वटा गाविस यसमा पर्दछ। नगरपालिकाको जातजातिको घरधुरीको आधारमा हेर्ने हो भने मगर जाति पहिलो , क्षेत्री दोश्रो र नेवार तेश्रोमा रहेको छ। यस्तै गरि सवै भन्दा कम घरधुरी वादी जातिको रहेको छ जुन रामेछाप नगरपालिकाको वडा नं ९ मा मात्र ३ घर रहेको छ। यस नगरको मुख्य पर्यटकीय क्षेत्र भनेको पुष्पलाल जन्मेको स्थान भंगेरी, थानीडाँडा, केवलेश्वर महादेव, डुकुरसिंडाँडा, थलहरी डाडाँ, ताराखसे पोखरी, कालिका निशान भगवती मन्दिर, भालुखोप भ्यू टावर (प्रस्तावित), लोपोन्मुख हायू जातीको महाकाली देवी मन्दिर, १६ भगवति हिमगंगा, मानेडाडाँ, कालीदेवीस्थान, भीमसेन स्थान ल्याँङ्ग ल्याङ्ग लगायतका स्थानहरु रहको छन्।

प्राकृतिक रुपमा सुन्दर नगरपालिकाको आर्थिक, समाजिक, धार्मिक, साँस्कृतिक र पर्यटकीय दृष्टिले महत्वपुर्ण केन्द्र तथा साविक रामेछाप जिल्लाको पुरानो सदरमुकाम अवस्थीत यस रामेछाप नगरपालिकाको स्थानिय तह निर्वाचन २०७४ पश्चात् हुन गई रहेको सातौ नगर सभा मार्फत आर्थिक वर्ष २०७७/७८ को वार्षिक बजेट, नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा म अत्यन्तै हर्ष विभोर भएको छु।

सभाध्यक्ष महोदय,

यस नगरको प्रथम नगर सभाले लिएको लक्ष्य **“कृषि, पर्यटन, सडक, खानेपानी हाम्रो पुर्वाधार, रामेछाप नगर विकासको दिगो आधार”** लाई आत्मसात गर्दै आर्थिक वर्ष २०७६/७७ को संक्षिप्त प्रगति विवरणको समिक्षा प्रस्तुत गर्ने अनुमती चाहान्छु ।

१. चालु आ.व. २०७६/०७७ मा हाल सम्म चालु तर्फ ८३ प्रतिशत र पुँजीगत तर्फ ४४ प्रतिशत तथा कुल बजेटमा ६३ प्रतिशत आर्थिक प्रगती हासिल भएको छ।

२. नगर गौरवको योजना पुष्पलाल पार्क देखी कोलोञ्जोरघाट सम्म सडकको कुल २० कि.मि. मध्ये ८ कि.मि. सडकको स्तरोन्नती गर्ने कार्य नगरपालिकाको उपकरण प्रयोग गरि सम्पन्न भएको छ । उक्त कार्यबाट नगरपालिकालाई रु.३८ लाख ८३ हजार २ सय आम्दानी भई सो रकमबाट सोही सडकको खानिडाडाबाट क्रमागत रुपमा सडक स्तरोन्नतीको कार्य अगाडी बढाईएको छ।

३. कोरोना भाईरस (कोभिड-१९) को महामारी नियन्त्रणको लागी २०७६ चैत्र ११ गतेबाट भएको लकडाउनका कारण व्यापार व्यवसाय तथा ज्याला मजदुरीका काममा काठमाण्डौं लगायतका स्थानमा अलपत्र परेका नगरबासीहरुलाई नगरपालिका प्रमुख ज्यूको अगुवाई तथा नगर कार्यपालिकाको सदस्यज्यूहरुको सहयोगमा २०७७ बैशाख ९ र १० गते काठमाण्डौंको जडिबुटिबाट रामेछाप नगरपालिकाका विभिन्न वडासम्म आउनका लागि ३२ वटा बस रिजर्भ गरि १ हजार ४ सय १ जना नगरबासीहरुलाई आ-आफ्नो घर सम्म सुरक्षित रुपमा ल्याउने कार्य सम्पन्न गरिएको छ। यस कार्यकालागि रु. १४ लाख १२ हजार ४ सय ९० खर्च भएको छ। यस कार्यबाट संकटको अवस्थामा स्थानीय सरकारले पुऱ्याएको सेवाले आम नगरबासीहरुमा स्थानीय सरकार प्रतिको विश्वासमा बृद्धि भएको छ।

४. छिमेकी देश भारत लगायत तेश्रो मुलुकमा रहेका १ हजार ८ सय १० जना नगरबासीहरुको विवरण अध्यावधिक गरि उहाँहरु आफ्नो घर फर्कने क्रममा नियमानुसार क्वारेन्टाईनमा बस्नु पर्ने भएको हुँदा रामेछाप बजार स्थित श्री गौरी शंकर बहुमुखी क्याम्पस, श्री बालमन्दिर आधारभुत विद्यालय तथा भु तथा जलाधार कार्यालयको भवनमा १ सय ५० बेड क्षमताको क्वारेन्टाईन निर्माण गरी आधारभूत सामाग्री तथा जनशक्तिको व्यवस्थापन पुरा गरी तत्काल प्रयोग गर्न सकिने अवस्थामा रहेको छ।

५. कोरोना भाईरस (कोभिड-१९) का कारण मुलुकका अति संक्रमित क्षेत्र तथा छिमेकी मुलुक भारत लगायतका देशहरुबाट हालसम्म ६१ जना नगरबासीहरुलाई नगरपालिकाले स्थापना गरेको क्वारेन्टाईनमा सुरक्षित राखी १४ दिन पश्चात् संक्रमण परिक्षण (PCR) जाँच गराई रिपोर्ट नेगेटिभ आए पश्चात् ४० जना आ-आफ्नो घर फर्कनु भएको छ र हाल क्वारेन्टाईनमा २१ जना सुरक्षित साथ बसि रहनु भएकोछ।

६. रामेछाप नगरपालिकाको प्रकोप व्यवस्थापन कोषबाट खर्च हुने गरि हाल महामारीको रुपमा फैलिएको कोभिड-१९ को रोकथाम तथा नियन्त्रणको लागि उक्त कोषमा अघिल्लो आ.व.को अ.ल्या. भई आएको रकम रु. १५ लाख, चालु आ.व. मा विनियोजित रकम रु.१५ लाख, नगर कार्यपालिकाको बैठकबाट रकमान्तर भई विनियोजन भएको रकम रु. २५ लाख, बागमती प्रदेश सरकारबाट प्राप्त अनुदान रकम रु. १२ लाख, नगरपालिका प्रमुख ज्यूबाट व्यक्तिगत सहयोग स्वरुप प्राप्त भएको रकम रु.५० हजार, नगरपालिकाको कर्मचारीहरुबाट २०७६ चैत्र महिनाको तलबबाट कट्टा गरी जम्मा हुन आएको रकम रु. १ लाख ७० हजार ९ सय ५२ गरी कुल जम्मा रु. ६९ लाख २० हजार ९ सय ५२ दाखिला भएको छ। साथै अन्य जनप्रतिनिधि ज्यूहरु र नगरपालिका अन्तरगतका विद्यालयमा कार्यरत शिक्षकहरुबाट कोषमा रकम प्राप्त हुने क्रम जारी रहेको छ। हाल सम्म उक्त कोषबाट नागरिकहरुको उद्धार, क्वारेन्टाईन संचालन तथा स्थापना, दिर्घ रोगीहरुलाई निःशुल्क औषधि खरिद गरी वितरण, कोभिड-१९ नियन्त्रणका लागि स्वास्थ्यकर्मी तथा स्वयम सेवकहरुको परिचालन र क्वारेन्टाईनमा रहने नगरबासीहरुकोलागि खाना तथा खाजा, औषधिजन्य सामाग्रीहरुको व्यवस्थापन लगायतका कार्यको लागि गरिएको रकम रु.६७ लाख २५ हजार २ सय ४५ खर्च भएको छ। कोभिड-१९ महामारी अझै नियन्त्रणमा आई नसकेको अवस्था रहेकोले उक्त कोषमा थप रकम जम्मा गरी सहयोग गरी दिनु हुनका लागि जनप्रतिनिधि ज्यू, कर्मचारी, उद्योगी व्यापारी, समाजसेवी, समाजिक संघ संस्थाहरु लगायत ईच्छुक सबै महानुभावहरुमा नगरपालिका हार्दिक अनुरोध गर्दछ।

७. नगरपालिकाको तर्फबाट बन्दाबन्दिको समयमा दिर्घ रोगी तथा नियमित औषधि सेवन गर्ने नगरबासीहरुको लागि रु. १० लाख बराबरको औषधि खरिद गरी निःशुल्क रुपमा वितरण गरिएकोछ।

८. कृषि क्षेत्रको विकास तथा प्रवर्धनकालागि ७५% अनुदानमा २ हजार ४ सय ५० जना कृषकहरुलाई १२ हजार ९० के.जि. विभिन्न जातको धानको विउ, ३ हजार ५ सय जना कृषकहरुलाई ११ हजार १ सय ३४ के.जि. विभिन्न जातको मकैको विउ वितरण गरिएको छ। साथै ३ सय १५ जना कृषकहरुलाई २ हजार ५ सय आँपको विरुवा, २ सय ६० जना कृषकहरुलाई १ हजार ८ सय लिचिको विरुवा, ६० जना कृषकहरुलाई १ हजार ५ सय केराको विरुवा तथा जुनारमा औंसा किरा नियन्त्रणको लागि ३ सय जना कृषकहरुलाई ३ सय लिटर प्रोटिन बेट विषादी निःशुल्क वितरण गरिएको छ।

९. मकै बालीमा लागेको फौजी किरा नियन्त्रणका लागि ५०% अनुदानमा ४,००० जना कृषकहरुलाई किटनासक विषादी तथा विषादी छर्न प्रयोग हुने ९० वटा स्प्रेयर पम्प निःशुल्क रुपमा वितरण गरी मकै बाली संरक्षणको कार्य गरिएको र यसबाट मकैबालीमा लागेको फौजी किरा नियन्त्रण भई कृषकहरु सन्तुष्ट रहेको प्रतिक्रिया प्राप्त भएकोछ।

१०. पशु पंक्षीबाट सर्ने जुनोटिक रोगका बारेमा ६ वटा माध्यमिक विद्यालयका कक्षा ९ र १० मा अध्ययनरत विद्यार्थिहरुलाई अनुशिक्षण कार्य सम्पन्न गरिएकोछ। वडा नं. १, २ र ७ का रोग ग्रस्त क्षेत्रका ११ हजार वटा बाख्राहरुलाई पिपिआर भ्याक्सिन लगाईएको र पशु क्षेत्रको विकास र प्रवर्धनकालागि एक घर एक पशु बिमा कार्यक्रम अन्तरगत वडा नं. ८ र ९ का १ हजार १ सय ७६ घरधुरीका १ हजार ७ सय ६ वटा पशुको विमा कार्य सम्पन्न भएको छ भने वडा नं. ६ र ७ मा पशु बिमाको कार्य अन्तिम चरणमा रहेको छ।

११. आम नगरबासीहरुको सुस्वास्थ्य र दिर्घायुकालागि नगर क्षेत्र भित्र रहेका सबै स्वास्थ्य केन्द्रहरुबाट नियमिति स्वास्थ्य परिक्षण तथा औषधि उपचार गर्ने व्यवस्था मिलाईएको छ साथै घर दैलोमा नै स्वास्थ्य सेवा उपलब्ध गराउने उद्धेश्यका साथ नगरपालिकाले विगत वर्ष देखी संचालन गर्दै आएको नियमित घुम्ती स्वास्थ्य शिविरलाई चालु आ.व. मा पनि निरन्तरता दिईने छ। उक्त शिविरबाट यस वर्ष आखा, दात, जनरल गरी तिन किसिमका स्वास्थ्य सेवाहरु प्रदान गरि २ हजार ८ सय ८५ जनाले स्वास्थ्य सेवा प्राप्त गरेकाछन् । संचालन गरिएको शिविरबाट आखाका ६४ जनाको मोतिविन्दुको निःशुल्क शल्यक्रिया गरिएको छ।

१२. जन चेतना अभाव र परम्परागत सोचका कारण गाउघरमा लुकेर रहेको महिलाहरुको स्वास्थ्य समस्यालाई मध्यनजर गरी नगरपालिका र स्थानीय संस्था बज्र समाज नेपाल सँगको सहकार्यमा पाठेघरको मुखको क्यान्सर र पाठेघर खस्ने परिक्षण शिविर संचालन गरि ५४५ जना महिलाहरुलाई पाठेघर जाँचको सेवा निःशुल्क रुपमा उपलब्ध गराईएको छ। उक्त शिविरबाट ७ जना महिलाले पाठेघरको मुखको क्यान्सर हुन सक्ने देखिएकोले शिविर स्थलमा नै क्रायोथेरापी विधिबाट निःशुल्क उपचार गरियो र शिविरबाट ५ जना पाठेघरको अप्रेशनकालागि पहिचान भएकोमा विश्वव्यापी महामारी कोभिड-१९ का कारण लकडाउन भएकाले उपचारको सेवाको लागि न्युनतम उपचार प्रदान गरिरहेको अबस्था छ भने पूर्ण उपचारको लागि लकडाउन पश्चात् विशेषज्ञ सहितको अस्पतालमा पठाउने प्रबन्ध मिलाईनेछ।

१३. लक्षित वर्गहरुका लागि वडा कार्यालयहरुमा घुम्ती शिविर मार्फत १ हजार ८ सय ८३ जना जेष्ठ नागरीक र ३ सय ३२ जना अपांगता भएका नागरिकहरुलाई परिचय पत्र वितरण गर्ने कार्य सम्पन्न भएको छ। यसबाट नगरपालिका कार्यालयमा नै आई परिचय पत्र प्राप्त गर्ने अवस्थाको अन्त्य भई सहजताको अनुभूती गरेका छन्।

१४. नगरपालिकाले संचालन गरेको गर्भवती पोषण कार्यक्रम मार्फत नगर भरिका २ सय २२ जना गर्भवती महिलाहरुले सम्बन्धित स्वास्थ्य संस्था मार्फत पोषण सेवा प्राप्त गरका छन्। यसबाट गर्भावस्थाका महिलाहरुमा पौष्टिक आहारमा नियमितता ल्याउने कार्यको शुरुवात भएको छ।

१५. राजस्व संकलनलाई चुस्त, दुरुस्त, प्रभावकारी र पारदर्शी बनाउने कार्यका लागि नगरकार्यपालिका तथा वडा कार्यालयहरुबाट सफ्टवेयर प्रणाली मार्फत राजस्व संकलनको कार्य प्रारम्भ भएको छ। यसबाट राजस्व संकलन १ सय ५० प्रतिशतले प्रगती हासिल भएको छ।

१६. चालु आ.व.मा स्थानीय आवश्यकता र प्राथमिकताका आधारमा स्वीकृत भएका कुल ४ सय ८५ वटा आयोजना र कार्यक्रमहरु मध्ये पुर्वाधार तर्फका हाल सम्म ३ सय १० वटा योजना संझौता भई २ सय ५९ वटा आयोजनाहरुको निर्माण कार्य सम्पन्न भए पश्चात् स्थलगत अनुगमन गरी सुधार आवश्यक देखिएका २८ वटा आयोजनाहरुको सुझाव अनुसारको कार्यमा सुधार पश्चात् जम्मा २ सय ५९ वटा आयोजनाहरुको भुक्तानी गर्ने कार्य सम्पन्न भएको छ। सम्पन्न हुन बाकी अन्य आयोजनाहरुको निर्माण कार्य द्रुत गतीमा भई रहेको हुँदा सम्पन्न भए पश्चात् अनुगमन गरी निर्धारीत समय भित्र नियमानुसार भुक्तानी हुने व्यवस्था मिलाईएकोछ। हाल सम्म संझौता भएका योजनाहरुको ८४ प्रतिशत योजनाको संख्यागत प्रगती भएकोछ।

१७. हिंसा र द्धन्द पिडित तथा असहाय, बेसहारा र एकल व्यक्तिहरुलाई लक्षित गरी निश्चित समयसम्मको व्यवस्थापनका लागि नगरपालिकाको योजना अनुसार रामेछाप बजारमा सेफ हाउसको निर्माण कार्य भई रहेको छ।

१८. रामेछाप नगर क्षेत्र भित्रका उद्यमी तथा व्यवसायीहरुबाट उत्पादित स्थानीय बस्तु तथा सामाग्रीहरुको बजारीकरण र बेच बिखनकालागि घरेलु तथा साना उद्योग विकास समितिको सहयोगमा रामेछाप बजारमा कोसेली घरको निर्माण कार्य अगाडी बढाईएकोछ।

१९. यस आ.व.मा न्यायीक समितिमा दर्ता हुन आएका विभिन्न प्रकृतिका २४ वटा निवेदनहरु मध्ये १५ वटा निवेदनहरु छलफलको क्रममा रहेका र ९ वटा निवेदनहरुमा आपसि छलफल तथा सहजीकरणका माध्यमबाट मिलापत्र गराई फर्छ्यौट भएका छन्। यसबाट नेपालको संविधान २०७२ ले व्यवस्था गरेको स्थानीय स्तरमा न्यायिक सेवा पाउने नागरिकको हकको सुनिश्चितता भएको छ।

२०. यस आ.व.मा सुशासन प्रवर्द्धन र विकास निर्माण कार्यमा सहजता र नियमनका लागि आवश्यक ५ वटा ऐन र १९ वटा कार्यविधिहरु स्वीकृत गरिएको छ। गत विगत वर्षहरुमा पारित गरिएका विभिन्न ऐन र कार्यविधिहरु आवश्यकता अनुसार संशोधन गरी लागू गरिएका छन्।

२१. माध्यामिक शिक्षक दरबन्दि अपुग भएका १० वटा सामुदायिक माध्यामिक विद्यालयहरुमा १-१ जनाको दरले स्वयमसेवक शिक्षक सहयोग गर्ने कार्यक्रम रहेकोमा ८ जनाले नियुक्ती लिई हाल ६ जना कार्यरत रहेका छन्।

२२. चालु आर्थिक वर्षमा भालुखोप भ्यू टावर, नगरपालिका भवन, नगर स्तरीय सेफ हाउस, हिलेपानी-भालुखोप कालोपत्रे सडक, वडा नं. ६ वडा कार्यालय भवन निर्माण गर्ने लगायतका आयोजनाहरु ठेक्का प्रक्रिया मार्फत संझौता सम्पन्न भई निर्माण कार्य प्रारम्भ भएको छ। यी आयोजनाहरु आगामी आर्थिक वर्षमा सम्पन्न भई नगरपालिकाको विकासमा फड्को मार्ने विश्वास लिईएको छ।

२३. **संघिय सरकार र नगरपालिकाको साझेदारीतामा समपुरक कोष** मार्फत नगरपालिकाको वडा नं. ७ सुकाजोरमा करिब रु. ५ करोडको लागतमा कबर्ड हल निर्माण गर्ने कार्य आरम्भ भएको छ। उक्त आयोजना २०७९ साल

असार मसान्त भित्र सम्पन्न भए पश्चात् नगर तथा जिल्ला स्तरीय खेलकुद प्रतियोगिताहरु सम्पन्न गर्न सहज हुने अपेक्षा लिईएको छ।

२४. **प्रदेश सरकार र नगरपालिकाको साझेदारीतामा समपुरक कोष** मार्फत नगरपालिकाको वडा नं. ३ को तल्लो साँघुटार बजार व्यवस्थापन कार्यका लागि रु. १ करोड ८० लाख र हिलेपानी-कुशबशेरी सडक स्तरोन्नती कार्यको लागि रु. १ करोड ६४ लाखको लागतमा निर्माण कार्य आरम्भ भएको छ। उक्त आयोजनाहरु सम्पन्न भए पश्चात् बजारको उचित व्यवस्थापन हुने र यातायात आवागमनमा सहजता हुने विश्वास गरिएको छ।

२५. **संघिय र प्रदेश स्तरीय स्थानीय पुर्वाधार विकास साझेदारी कार्यक्रम** अन्तरगत रेनुकादेवी मा.वि. पुर्वाधार विकास, रामपुर सडक स्तरोन्नती, लाम्टे-बस्नेतगाँउ सडक, चिप्लेपहरा-साँघुटार-रातमाटा सडक (लिखु करिडोर), लक्ष्मीबास-कमलाबारी-गोठगाउ सडक निर्माण गर्ने कार्यलाई प्रभावकारी रुपमा संचालन गरिएकोछ।

२६. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत एक वडा एक कार्यक्रम छनौट गरि संचालन भई रहेका छन्।

**सभाध्यक्ष महोदय,**

नगरपालिकाको नगर सभावाट नीति, कार्यक्रम तथा बजेट पारित गर्ने क्रममा यहाँहरु सामु म आ.व. २०७७।०७८ को बजेट, नीति तथा कार्यक्रम तर्जुमाका लागि लिईएका आधार, उद्देश्य र प्राथमिकतालाई प्रस्तुत गर्ने अनुमति चाहान्छु।

आ.व. २०७७।०७८ को बजेट, नीति तथा कार्यक्रम तर्जुमाका लागि नेपालको संविधान, दिगो विकासका लक्ष्य, १५ औं आवधिक योजना, स्थानीय सरकार संचालन ऐन, २०७४(संशोधन सहित), रामेछाप नगरपालिकाको बजेट तर्जुमा दिग्दर्शन, २०७४ (संशोधन सहित), नेपाल सरकारका विभिन्न दिग्दर्शन, परिपत्र तथा नीति निर्देशनहरु, रामेछाप नगरपालिकाको ५ वर्षे रणनीतिक योजना र वर्तमान अवस्थामा देखिएको कोभिड-१९ को महामारी लगायतका समसामयिक विषयवस्तुहरुलाई आधारको रुपमा लिईएको छ।

आगामी वर्ष सञ्चालन गरिने आयोजनाहरुको प्राथमिकिकरण गर्दा कोभिड-१९ को रोकथाम तथा नियन्त्रणलाई उच्च प्राथमिकतामा राख्दै तपशिल बमोजिमका योजनाहरुलाई प्राथमिकता दिईएको छ।

- स्थानीय श्रोत साधानमा आधारित भई जनसहभागिता अभिबृद्धि गर्ने।
- उत्पादनमुलक र छिटो प्रतिफल दिने।
- विपद् व्यवस्थापन र वातावरण संरक्षणमा योगादन पुर्‍याउने।
- आर्थिक विकास र गरिबि निवारणमा प्रत्यक्ष योगदान पुर्‍याउने।
- लैंगिक समानता, सामाजिक समावेशिकरण अभिबृद्धि हुने।
- सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान पुर्‍याउने।
- स्थानीय राजस्व परिचालनमा प्रत्यक्ष योगदान पुर्‍याउने।

- नगरवासीलाई विपद् तथा जलवायू परिवर्तन उत्थानशील बनाउने ।

**सभाध्यक्ष महोदय,**

लोकतान्त्रिक मूल्य र मान्यतालाई आत्मसात गर्दै नगरवासीहरुको व्यापक सहभागितामा निर्णय गरी अन्तर सरकारी वित्तिय हस्तान्तरण र स्थानीय श्रोत साधनको अधिकतम परिचालन मार्फत नेपाल सरकारको **समृद्ध नेपाल, सुखी नेपाली** बनाउने दीर्घकालीन सोच एवं आंकक्षा र बागमती प्रदेश सरकारको लिएको सोचलाई प्रत्याभूति गराउन प्रतिवद्ध रही समसामयिक परिस्थितिलाई सामना गर्न "**रामेछाप नगरपालिकाको प्रतिवद्धता, नागरिकको स्वास्थ्य र खाद्य सुरक्षा"** भन्ने सोचका साथ नगरवासीको जीवनस्तरलाई स्वस्थ एवं समृद्धि उन्मुख गराउने र नगरपालिका क्षेत्र भित्र विकासका बहुपक्षीय आयामहरुको समन्वय र सन्तुलित परिचालन मार्फत विकसित नगरपालिकाको निर्माण गर्ने लक्ष्य तथा स्थानीय तहमा नै सबै सरकारी सेवाहरुको उपलब्धता एवं शिघ्र र निश्पक्ष न्याय सम्पादन गराउने उद्धेश्यका साथ आगामी आर्थिक वर्ष २०७७।०७८ नीति, कार्यक्रम तथा बजेट तयार गरिएको छ । आर्थिक वर्ष ०७७/०७८ को नीति, कार्यक्रम तथा बजेट कार्यान्वयनबाट देहाय बमोजिमको उपलब्धी हासिल हुने अपेक्षा लिईएको छ ।

- संकटको अवस्थामा नगरबासीहरुलाई अभिभावकको भूमिका प्रदान हुने ।
- स्थानीय स्तरमा नै आधारभुत सरकारी सेवाहरु उपलब्ध हुने ।
- नगरपालिकाको विकास निर्माणका गतिविधिहरु गुणस्तरीय, दिगो र सन्तुलित रुपमा अगाडी बढ्ने ।
- विकास निर्माणका कार्यक्रमहरु सञ्चालनमा जनसहभागिता, अपनत्व र पारदर्शिता अभिवृद्धि हुने ।
- नीति तथा कार्यक्रमहरुको कार्यान्वयन पश्चात् जनताले प्रत्यक्षरुपमा सो को प्रतिफल प्राप्त गर्ने ।

**सभाध्यक्ष महोदय,**

आर्थिक वर्ष ०७७/०७८ को नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा देहाय बमोजिमका नीति तथा आधारहरुलाई अवलम्बन गरिएको छ ।

### (क) समग्र नीति तथा आधारहरु

१. वर्तमान अवस्थामा कोरोना भाईरस (कोभिड-१९) महामारीका कारण विश्व नै संकटग्रस्त भएकोले संकटको सामना गर्ने क्षमताको विकास र पुर्व तयारी गर्ने तथा भारत लगायत तेश्रो मुलुकमा रही अलपत्र परेका नगरवासीहरुलाई उद्धार गरी ल्याउन सहजीकरण गर्ने, व्यवस्थित रुपमा क्वारेन्टाईनमा राखी संक्रमणको परिक्षण पश्चात् सहज रुपमा घर सम्म पुग्ने वातावरण मिलाईएको छ ।

२. नागरिकको स्वास्थ्य सेवामा पहुँच र सेवा सुनिश्चितताको लागी स्वास्थ्य संस्थाको स्तरोन्नती, क्षमता अभिबृद्धि र संस्थागत विकास गर्ने कार्यलाई प्रभावकारी बनाउने व्यवस्था मिलाईएको छ ।

३. यूवा वेरोजगारीको अवस्थालाई न्युन गर्न गाउँगाउँमा रोजगारी सृजना हुने गरि कृषि तथा पशुपंक्षिपालन फर्मको प्रवर्धनका साथै गाई भैसी पालनलाई व्यवसायीकरण तथा अनुदानको व्यवस्था गरि दुग्ध जन्य पदार्थको उत्पादन, संकलन, प्रशोधन तथा डेरी स्थापना गर्न प्रोत्साहन गर्ने कार्यक्रम अगाडि बढाईएको छ।

४. नगर क्षेत्र भित्र बाख्रापालनको लागि उपयुक्त वातावरण भएको स्थानमा बाख्रा श्रोत केन्द्रको रुपमा विकास गर्न स्थानीय जातका बाख्राहरु व्यवसायीक रुपमा पाल्नको लागि प्रोत्साहन गरिएको छ।

५. स्थानीय जातको कुखुरा तथा बंगुरपालन गर्ने अगुवा कृषकहरुलाई व्यवसायी बनाउन प्रोत्साहनको कार्यक्रम राखीएको छ।

६. बालिनालिको विउ विजनमा सधै परनिर्भरताको अवस्थालाई न्यून गर्न विउ बैंक स्थापनाको अवधारण लिईएको छ।

७. उत्पादनलाई बजारीकरणको आवश्यक व्यवस्था मिलाईएकोछ।

८. सिमान्तकृत तथा पछाडि पारिएका वर्गहरुमा **जनता सँग कृषि कार्यक्रम** लागू गरिएकोछ।

९. क्षति न्युनिकरणकालागि कृषि फसल बीमा शुरुवात तथा पशु बीमाको कार्यलाई निरन्तरता दिईएकोछ।

१०. विगत वर्ष देखी लिईएको एक वडा एक उत्पादन कार्यक्रमलाई निरन्तरता दिईएको छ। साथै उक्त उत्पादन कार्यक्रमलाई उद्योगको रुपमा विकास गरिने नीति लिईएको छ।

११. नदि किनारका बाझो जमिनलाई लिफ्ट सिंचाईको प्रवन्ध गर्ने व्यवस्था मिलाइएकोछ।

१२. नगरपालिकाको कार्यक्षेत्र भित्र परेका (संविधानको एकल अधिकार अनुसुची-८ र साझा अधिकार अनुसूची-९ ) विषय तथा क्षेत्रहरुलाई थप प्रभावकारी रुपमा कार्यान्वयन गरिने नीति लिईएकोछ।

१३. कोभिड-१९ को महामारीको समयमा शिक्षण सिकाईलाई प्रभावकारी बनाउन बैकल्पिक शिक्षाको अधिकतम प्रयोग गरिने नीति लिईएकोछ । शुन्य र न्यून दरबन्दि रहेका विद्यालयहरुमा विषयगत शिक्षकहरुको व्यवस्था गर्ने नीति लिइएको छ।

१४. **मुहान देखी मुख सम्म स्वच्छ खानेपानी** सुनिश्चित गर्न श्रोत भएका स्थानमा सोही श्रोतबाट र नभएका स्थानमा लिफ्ट प्रविधिबाट एक घर एक धाराको व्यवस्थापन गरिनेछ।

१५. नगरकार्यपालिका र वडा कार्यालयहरुबाट प्रदान गरिने सेवा प्रवाहलाई सहज र व्यवस्थित बनाउन कार्यपालिका र वडा कार्यालयहरुको लागि कार्यालय भवन निर्माण तथा व्यवस्थापन गरिनेछ।

१६. नगरकार्यपालिकाको कार्यालय र वडा कार्यालयहरुबाट प्रदान गरिने सेवालाई सहज, सरल, गुणस्तरीय, प्रभावकारी र छिटोछरितो बनाई सुशासन, पारदर्शिता र जवाफदेहिताको प्रत्यक्ष अनुभूति गराईने छ।

१७. नगरपालिका भित्र रहेको सार्वजनिक स्थल, जग्गा जमिन, मठ, मन्दिर, गुम्बा लगायत सार्वजनिक सम्पतिको तथ्यांक संकलन गरी आवश्यकता अनुसार संरक्षण र सम्र्बद्धन गर्न विशेष नीति अपनाईनेछ।

१८. नगरपालिकाक्षेत्र भित्र रहेको ऐलानी जग्गाको अभिलेखीकरण तथा सो को उपयोग गर्ने नीति लिईएको छ।

१९. नगरपालिकाले संकलन गर्ने विभिन्न राजस्व (दस्तुर तथा शुल्क) संकलनलाई परिस्कृत बनाई विस्तृतिकरण गरिएको छ।

२०. न्यायिक समितिको काम कारबाहीलाई सरल, सहज र थप प्रभावकारी बनाईनेछ। साथै वडा स्तरीय मेलमिलापकर्ताहरुलाई उच्च मनोवलका साथ काम गर्ने वातावरण मिलाईएको छ।

२१. नगरपालिकाले अनिवार्य रुपमा दायित्व निर्वाह गर्नु पर्ने कार्यको लागि श्रोत सुनिश्चितता गर्न आकस्मिक कोष, कर्मचारी कल्याण कोष, प्रकोप व्यवस्थापन कोष र मर्मत सम्भार कोष स्थापना गरी सञ्चालनमा ल्याइएकोछ। उक्त कोषहरु स्थापनाको लागि आवश्यक मात्रामा रकम विनियोजन गरिएको छ।

२२. राष्ट्रिय अर्थनीतिको खम्बाको रुपमा रहेको सहकारी क्षेत्रसँग ठुलो आर्थिक कोष चलायमान रहेको र सबै बिषयगत सहकारी संघ संस्था, लघुउद्यम, विकास बैङ्कहरुले उत्पादनमूलक क्षेत्रमा लगानि गर्न नसकि रहँदा जनताको आर्थीक अबस्था सुदृढ हुनुको सट्टा ऋणि मात्र बनाइरहेको र गरिविको अनुपात वृद्धि हुदै गएकोले उत्पादन क्षेत्रको सुनिश्चितता गरि कर्जा प्रवाह गर्ने, सहकारी क्षेत्रको आर्थिक सुशासन स्थापना गराउन र क्षमता विकास गराउने कार्यक्रम संचालन गरिने छ। सहकारीको ऋण जोखिम कम गर्न विशेष नीति लिईनेछ। साथै विगतमा गरिवि निवारण कोषबाट प्रवर्धित सामुदायिक संस्थाहरुलाई व्यवस्थापन गर्न वडा स्तरीय सहकारी संस्था दर्ता गरि विवरण अद्यावधिक तथा आयआर्जनका क्रियाकलाप संचालन गर्न उत्प्रेरीत गरिनेछ।

२३. नगर क्षेत्र भित्र कार्यान्वयन गरिने भौतिक पुर्वाधार विकासलाई प्रभावकारी तथा नतिजामुलक बनाउन ठूला आयोजना तथा कार्यक्रमहरु तयार गरि संचालन गर्ने नीति लिईएकोछ।

२४. नगरको पहिचान र गौरवको रुपमा रहेको कृषि तथा पशु क्षेत्रको विकास र प्रवर्धन एवं व्यवसायीकरणमा सहजताकालागि नगरपालिकामा रहने गरी एक जना कृषि प्रसार अधिकृत र एक जना पशु चिकित्सकको व्यवस्था एवं स्थानीय स्तर नै प्राथमिक उपचार र सेवा प्रवाहकालागि एक वडा एक-एक कृषि र पशु स्वस्थ्य प्राविधिकको व्यवस्था गरिएकोछ।

**सभाध्यक्ष महोदय,**

**(ख) क्षेत्रगत नीति तथा आधारहरु**

**(अ) आर्थिक क्षेत्र विकास नीतिहरु**

- सबै प्रकारका बालीनालीको बिउ विजनको उत्पादन गरि बिउ बैंकको स्थापना गर्ने र बालिनालीको बिउ बिजनमा शतप्रतिशत अनुदानमा वितरण गर्ने कार्यलाई निरन्तरता दिईएकोछ।
- द्यलहन वाली विउ उत्पादनका लागि चारघरे रामपुरमा पकेट क्षेत्र घोषणा गरि चालु आ.व.मा ग्रेडिङ्गको कार्य सम्पन्न भई सकेकोले क्रमशः अन्य स्थानहरुमा समेत दलहनबालीको प्रवर्धन गर्दै दलहनबालीको विउ बैंकको स्थापना गरिनेछ। उत्पादित दलहन विउ बिक्रीकोलागि योग्य भएकोले सो विउको बजारिकरणकालागि प्रवर्धन गरिनेछ।
- मौसमी तथा बेमौसमी तरकारीको विउ विजनमा सतप्रतिशत अनुदानको व्यवस्था गरिएकोछ।
- मकै, धान, गहु, निरन्तर दैनिक उपभोग्य अन्नवालीका लागि चाहिने रासायनिक मलको ढुवानीमा सतप्रतिशत अनुदानको व्यवस्था गरिएकोछ ।
- न्यूनतम १० बोट विरुवा रोप्न प्रतिवद्धता जनाउने कृषकहरुलाई विभिन्न जातको फलफुलको विरुवा वितरण गरिनेछ।
- सुख्खा क्षेत्रमा पानी संकलन प्रयोजनार्थ आकाशे पानी तथा पानीको पुनःप्रयोग गर्नै गरी सिंचाईकोलागि प्लाष्टिक पोखरी बनाउने तथा सिंचाई प्लाष्टिक ट्यांकी उपलब्ध गराउने र थोपा सिंचाईको आवश्यक प्रवन्ध गरिनेछ। यसबाट **एक घर एक करेसाबारी र एक करेसाबारी एक सिंचाई ट्यांकी** को अभियानलाई अगाडि बढाईनेछ।
- बस्ती मुनीका पानीका सा-साना मुहानहरुबाट पोखरी बनाई बस्ती सम्म साना मोटरबाट लिफ्ट गर्ने प्रविधिलाई परिक्षणको रुपमा प्रयोग गरिनेछ।
- कृषि उपजलाई बजारीकरण गरि व्यवस्थापन गर्न कोशेली घरको भवन चालु आ.व.मा निर्माण भएकोले उक्त भवनमा स्थानीय उद्योग वाणिज्य संघ, कृषि सहकारी संस्था तथा अन्य साझेदारहरुको सहकार्यमा कोशेली घर संचालन तथा व्यवस्थापनको लागि आवश्यक बजेट व्यवस्था गरिएकोछ। कृषि उपज मार्केट चेनको आवश्यक प्रवर्धन गरिनेछ।
- नेपाल सरकारले गरेको कृषि फसल बीमालाई थप प्रभावकारी बनाई कार्यान्वयन गर्न सचेतना कार्यक्रम संचालन गरिनेछ।
- अगुवा कृषकहरुको लागि कृषि औजार (हाते ट्याक्टर लगायत) मा ५० प्रतिशत अनुदानको लाग बजेट व्यवस्था गरिएकोछ।
- जुनारमा लाग्ने औंसा किरा नियन्त्रण तथा रोकथामकालागि शतप्रतिशत अनुदानमा प्रोटिन वेट नामक विषादी आवश्यकता अनुसार उपलब्ध गराईनेछ। साथै अन्य वालिकालागि आवश्यक पर्ने किटनाशक विषादी उपलब्ध गराईनेछ।

- एक वडा एक कृषि तथा पशु स्वास्थ्य प्राविधिकको व्यवस्थाकोलागि आवश्यक बजेटको व्यवस्था गरिएकोछ।
- लिखु नदिको मुहान कायम गरि लिखु गाड्टार मुहान हुदै तारुकेवेशी गिजानटार सिंचाई कुलो मर्मतलाई नगरस्तरीय योजना कायम गर्दै मुहान श्रोत भएका स्थानमा सतहि सिंचाईको व्यवस्था गर्न प्रोत्साहित गरिनेछ र सुनकोशी र लिखु नदी किनारका सिंचाई योग्य भुभागहरुमा सिमान्तकृत माझी समुदायलाई समेत समेट्दै लिफ्ट सिंचाईको लागि आवश्यक बजेटको व्यवस्था गरिएकोछ । सिमान्तकृत माझी समुदायको परम्परागत पेशा माछापालनलाई व्यवसायिक बनाई संरक्षण र प्रबर्धन गरिनेछ।
- वडागत कृषि पकेट क्षेत्रलाई निरन्तरता दिदै आवश्यक प्रवर्धनको कार्य गरिनेछ।
- यस वर्ष फलफुल प्रशोधनकोलागि संभाव्यता अध्ययन एवं स्थलगत अवलोकन भ्रमण समेत गरिएकोले आगामी वर्ष खुर्पाने क्षेत्र विकासका लागि सुकाजोर र ओखेनीलाई उत्पादन क्षेत्र विस्तार गरि वाईन उद्योग स्थापना गरिनेछ।
- मौरी तथा च्याउ उत्पादनलाई ब्यवसायिक वनाउन सुकाजोर, ओखेनी, देउराली, साँघुटार क्षेत्रलाई प्राथमिकतामा राखि कार्यक्रम संचालन गरिनेछ।
- अदुवा, लसुन, वेसार, अलैची, अकवरे खुर्सानी र कागती उत्पादन क्षेत्र विस्तारको लागि विशेष प्राथमिकतामा राखि वडा नं. १ गोठगाउ लगायत अन्य वडाहरुमा कार्यक्रम संचालन गरिनेछ।
- माटो परिक्षण गरि वाली शिफारिस गर्न नगरकार्यपालिकाको कार्यालयमा माटो परिक्षण केन्द्र (मिनिल्याब) स्थापना गरि संचालनमा ल्याइनेछ। मोवाइल टोली मार्फत प्रत्येक वडामा माटो परिक्षण गरिने कार्य अभियानको रुपमा संचालन गरिनेछ।
- पशु विमाको कार्यलाई निरन्तरता दिईएकोछ।
- रामेछाप र साँघुटार लगायतका बजार क्षेत्रमा फ्रेसहाउस निर्माणकोलागि अनुदानको व्यवस्था गरिएको छ।
- पशुपालन व्यवसायलाई प्रवर्धनको निम्ती सुत्केरी गाई भैसि स्याहार सुसार प्रवर्धन कार्यक्रम अन्तरगत पोषण अनुदानको व्यवस्था गरिएकोछ।
- दुग्धजन्य पदार्थको व्यवस्थापनको लागि डेरी स्थापनालाई ५०% अनुदान दिने व्यवस्था गरिएको छ।
- स्थानीय खरि बाख्रा प्रवर्धनकालागि कम्तीमा १५ वटा माउ खरि बाख्रा पालेका पशुपालन गर्ने व्यक्ति/फर्महरुलाई पुर्वाधार निर्माण लगायतमा अनुदानको व्यवस्था गरिएकोछ।
- कम्तिमा २ वटा माउ बुंगर पालेका व्यक्ति/फर्महरुलाई अनुदानको व्यवस्था मिलाईएकोछ।
- पशुपंक्षीको उपचारको लागि आवश्यक पर्ने नेपाल सरकारले निःशुल्क गरेका १७ प्रकारका औषधि खरिद गरि सम्बन्धित वडा प्राविधक मार्फत निःशुल्क बितरण गरिनेछ।

- पशुपंक्षिको ल्याव परिक्षण गर्ने प्रयोजनार्थ नगरपालिकामा पशु ल्याव केन्द्र स्थापना तथा संचालन गरिनेछ। साथै पशुपंछिको उपचार तथा रोग पहिचानको लागि आवश्यक प्रविधि विकास गरिनेछ।
- संक्रमित रोग बिरुद्ध खोप कार्यक्रम नियमित गर्दै आवश्यकता अनुसार शिविरको ब्यवस्था गरिनेछ।
- बांझोपन निबारणका लागि भिटामिन तथा मिनिरल बितरण तथा आन्तरिक र बाह्य परजिबि नियन्त्रण शिबिर सञ्चालन गरिनेछ।
- जुनोटिक रोग (पशुबाट मानिस र मानिसबाट पशुमा सर्ने खालका रोगहरु) सम्बन्धि माध्यामिक विद्यालय शिक्षा कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- नगर क्षेत्रभित्र स्थापना भई सञ्चालनमा रहेका सहकारी संस्थाहरुलाई नगरको आवश्यकता अनुसार आर्थिक गतिविधिका क्रियाकलाप गर्न प्रोत्साहित गरिनेछ।
- कृषि तथा पशुपालन जस्ता उत्पादक सहकारी संस्थाहरुलाई नगरपालिकाबाट औजार, उपकरण लगायत आश्यकता अनुसारको अनुदान तथा छुट सुविधाको व्यवस्था गरिनेछ।
- नगरपालिकाको सहकारी ऐन २०७५ अनुसार सहकारी नियमावली तथा कार्यविधिहरु बनाई सहकारीहरुको दर्ता, अनुगमन, नियमन कार्यलाई प्रभावकारी बनाईनेछ।
- नगरपालिका भित्र विगतमा दर्ता भएका ४६ वटा र चालु आ.व.मा दर्ता भएका २ समेत गरि ४८ वटा सहकारी रहेकोमा ३५ वटा सहकारी संस्थाको विवरण अध्यावधिक गरिएको र बाकी अन्य निष्कृय रहेका सहकारी संस्थाहरुको अवस्था एकिन गरि एकिकरण वा विघठन गर्ने नीति लिईनेछ, साथै निष्कृय रहि नगरपालिकाको सम्पर्कमा नआई वा नियमित प्रतिवेदन नबुझाएका सहकारी संस्था दर्ता खारेजी तथा सञ्चालकलाई नियमानुसारको कारबाहीको प्रक्रिया अगाडि बढाईनेछ।
- रामेछाप नगरपालिकाको सहकारी ऐन २०७५ अनुसार नगर कार्य क्षेत्र हुने गरि स्थापना हुने प्रस्तावित सहकारी संस्थाहरुलाई पुर्व सहकारी शिक्षा तालिमको कार्यक्रम संचालनलाई निरन्तरता दिईनछ।
- सहकारी संस्थाहरुको विकास र प्रवर्धन गर्न सहकारी संस्थाका पदाधिकारी तथा कर्मचारीहरुकालागि संघिय/प्रदेश सरकार सहकारी विभाग र संघिय सरकार राष्ट्रिय सहकारी प्रशिक्षण केन्द्र सँगको समन्वयमा २८ वटा सहकारी संस्थाहरुलाई सहकारी व्यवस्थापन र ४५ वटा सहकारी संस्थाहरुलाई लेखा व्यवस्थापन तालिम संचालन गरिनेछ।
- क्षेत्रगत रुपमा कृषि, पशु, महिला, बहुउदेश्यिय एवं बचत तथा ऋण सहकारी संस्थाहरुलाई अनुदानको व्यवस्था गरिएकोछ।
- नेपाल सरकारले लागू गरेको सहकारी तथा गरीवि सुचना व्यवस्थापन प्रणालि (COPOMIS) प्रशिक्षण कार्यक्रम गरि आ.व. २०७७/७८ मा नगर क्षेत्रका कम्तीमा ३० वटा सहकारी संस्थाहरुमा उक्त प्रणालिको लागू गरिनेछ।

- विगतमा गरिवि निवारण कोषद्धारा गठित सामुदायिक संस्थाको विवरण अध्यावधिक गरि वडा स्तरीय सहकारी गठन गरि घुम्तीकोषमा रहेको रकमलाई आयआर्जन गर्ने क्रियाकलापमा परिचालन गरिनेछ ।
- नगर क्षेत्रमा उत्पादन हुने जडिबुटी, खनिज, काष्ठजन्य उत्पादनको अबैध निकासी रोकी आवश्यकता अनुसार नगर क्षेत्रमै प्रशोधन गरी बिक्री बितरण गरिने छ ।
- आयआर्जन र गरिबी न्यूनिकरणकालागि मोवाईल मर्मत, मोटरसाईकल मर्मत, कम्प्युटर आधारभुत कोर्ष तथा मर्मत, सिलाई कटाई, स्थानीय छाला जुत्ता उत्पादन, विद्युतिकरण तथा हाउसवाईरिङ र फर्निचर लगायतका सिपमुलक तालिमहरु संचालन गरी स्वरोजगार बन्न उत्प्रेरित गरिनेछ ।
- आन्तरिक श्रोत बृद्धि गर्न नगरपालिका अन्तरगतका कर्मचारीहरुलाई राजस्व (शुल्क तथा दस्तुर) सम्बन्धि तालिम तथा कर शिक्षा कार्यक्रम संचालन गरी राजस्व व्यवस्थापन र सुदृढिकरण गरिनेछ । उपभोक्ता हित संरक्षण तथा खाद्य सुरक्षका लागि समय समयमा सम्बन्धित निकाय सँगको सहकार्यमा बजार अनुगमन गरी नियमन र नियन्त्रण गरिनेछ ।
- विगतमा दर्ता भई रुग्न अवस्थामा रहेका उद्योग तथा फर्महरुको सूचिकरण गरी संचालन, प्रवर्धन र प्रविधिमा सहयोगकालागि आवश्यक बजेटको व्यवस्था मिलाईएकोछ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत बेरोजगारहरुलाई नियमित रोजगारीको कार्यक्रम संचालनलाई निरन्तरता दिईएकोछ ।

**सभाध्यक्ष महोदय,**

## (आ) सामाजिक क्षेत्र विकास नीतिहरुः

- कोरोना भाईरस (कोभिड-१९) का कारण अवरुद्ध भएको शिक्षण सिकाई कार्यको निरन्तरताको लागि बैकल्पिक पद्धतिबाट सिकाई सहजिकरणको व्यवस्था गरिनेछ ।
- विद्यार्थी नियमितता र उत्तीण दरमा अभिवृद्धि, कक्षा छाड्ने दर र दोहोऱ्याउने दरमा कमीको लागि अध्ययनरत वालवालिकाहरुकालागि शैक्षिक सुविधा प्रदान गरिनेछ । निःशुल्क पाठ्यपुस्तक वितरण, र छात्रवृत्तिको कार्यक्रमलाई निरन्तरता दिईएको छ । आधारभुत तहका विद्यालयमा अध्ययनरत बालबालिकाहरुलाई दिवा खाजाको कार्यक्रम समेत निरन्तरता दिईएको छ।
- एक विद्यालय एक नर्स कार्यक्रम क्रमशः विस्तार तथा निरन्तरता दिदै विद्यालयहरुमा सेनेटरीप्याडको पहुच र प्रयोगमा निरन्तरता दिईएको छ ।
- नतिजामुखि एवं प्रभावकारी कार्यक्रम कार्यान्वयन लागि नियमित अनुगमन तथा प्राविधिक सहायताको व्यवस्था मिलाइनेछ । दैनिक शैक्षिणिक सेवा प्रवाहमा सहजता र प्रभावकारिताको लागि विद्युतीय सञ्चार माध्यमको उपयोग गर्दै सेवाग्रहीको लागि क्रमशः पहुंच योग्य बनाइनेछ ।

- विद्यालय शिक्षाको गुणस्तर अभिबृद्धिकालागि कक्षा भित्रको शिक्षण सिकाईलाई समयानुकुल बनाउन शिक्षकको पेशागत क्षमता विकास गरिनेछ। शैक्षिक सुशासन र संस्थागत सक्षमता र पारदर्शितामा जोड दिईनेछ।
- सामुदायिक विद्यालयका प्र.अ. र शिक्षकहरु बिच कार्य सम्पादन करार सम्झौता लागू गरिनेछ। करार संझौता सम्बन्धित विद्यालयका प्र.अ. ले नगर शिक्षा प्रमुख संग र प्रत्येक शिक्षकले प्र.अ.संग गर्ने कार्यलाई निरन्तरता दिईनेछ। जसका कारण पदीय जिम्मेवारी र उत्तरदायित्ववोध सहित गुणस्तरीय विद्यालय शिक्षाको पहुँच योग्य अवसरका लागि अनुकुल वातावरण विकास हुनेछ।
- शुन्य र न्यून दरबन्दि भएका आधारभुत तथा माध्यामिक विद्‍यालयमा थप विषयगत शिक्षक (अंग्रेजी, गणित र विज्ञान नगर स्वंयसेवक शिक्षकको रुपमा) को व्यवस्था गरिनेछ।
- सरोकारवाला सम्मान कार्यक्रम संचालन गरि नगर स्तरमा विद्यालय शिक्षाको विकास र सुधारमा उत्कृष्ट नतिजा र उल्लेखनीय योगदान पुऱ्याउनु हुने क्रमशः विद्यालय, प्र. अ., विषय शिक्षक, अभिभावक र संस्थागत पदाधिकारीहरुलाई सम्मान स्वरुप प्रंशसापत्र एवं कदर वा सम्मानपत्र सहित नगद पुरस्कार प्रदान गरिनेछ।
- नगर क्षेत्र भित्रका द्वन्द पिडित बालबालिकाहरुकालाई शैक्षिक प्रोत्साहन प्रदान गरिनेछ।
- गुणस्तरीय शिक्षाको अवसरका लागि शैक्षिक पूर्वाधार विकास तथा न्यूनतम भौतिक सुविधा विस्तारमा निरन्तरता दिईनेछ।
- स्थानीय पाठ्यक्रम विकास गरी आधारभूत तहको स्थानीय विषयको रुपमा क्रमशः लागू गरिनेछ।
- उच्च शिक्षा अध्ययनकालागि शैक्षिक सहायता कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- अंग्रेजी माध्याम शिक्षण प्रोत्साहन कार्यकालागि आधारभूत तह देखी माध्यामिक तह सम्म पठन पाठनको अवसर प्रदान गर्ने विद्‍यालयहरुलाई प्रोत्साहन गरिनेछ।
- विद्‍यालय अनुगमन र सुपरिवेक्षण कार्यलाई प्रभावकारी र नतिजामुलक बनाउन संयुक्त एकीकृत अनुगमन संयन्त्र परिचालन गरिनेछ।
- नगरस्तरीय कभर्ड हल निर्माण कार्यलाई निरन्तरता दिइएकोछ।
- रामेछाप नगरपालिका भित्रका खेलाडीहरु समावेश गराई मेयर कप खेलकूद (भलिबल र फुटबल) प्रतियोगिता संचालन गराईनेछ।
- विद्‍यालय स्तरीय खेलकुद गतिविधि संचालनको लागि राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगितालाई निरन्तरता दिइनेछ।
- मातृशिशु स्वास्थ्य प्रवर्द्धनका लागि स्थापना भएका वर्थिङ्ग सेण्टरहरुमा आवश्यक सामाग्रीहरुको व्यवस्थापनको लागी बजेटको व्यवस्था गरिएकोछ।
- महिला, बालबालिका तथा अन्य लक्षित वर्गहरु लगायत सामाजिक बञ्चितीकरणमा परेका समूहलाई समेट्ने कार्यक्रमहरु संचालन गरिनेछ। लैंङ्गिक हिंसा न्यूनीकरणका लागि कार्यक्रमहरु संचालन गरिने छ।

- नगरपालिकालाई दुई क्षेत्रमा विभाजन गरी विशेषज्ञ डाक्टर सहितको स्वास्थ्य शिविर संचालन गरिनेछ। साँघुटार स्वास्थ्य चौकीलाई प्राथमिक स्वास्थ्य केन्द्रको रुपमा स्तरोन्नती गरी संचालनमा ल्याईनेछ।
- **एक समुदाय एक स्ट्रेचर**को व्यवस्था गरिएकोछ साथै महिला स्वयम सेविकाहरुलाई मासिक प्रोत्साहन सुविधा उपलब्ध गराउन बजेटको व्यवस्था गरिएको छ।
- जटिल प्रकारका प्रसुती वेथा लागेका महिलाहरुकोलागि निःशुल्क एम्बुलेन्स यातायात सेवा उपलब्ध गराईनेछ।
- रामेछाप जिल्ला अस्पतालमा आँखा सेवा विस्तारकालागि एक जना प्राविधिकको व्यवस्था गरिएको छ।
- हाल भइरहेका खानेपानीका मुहानको संरक्षण गर्दै खानेपानीको समस्या भएका बस्तीका लागि लिफ्ट खानेपानी आयोजना सञ्चालन गरिनेछ।
- लक्षित वर्गको सीप विकास, क्षमता विकास, सशक्तिकरण, आयआर्जनका लागि लक्षित कार्यक्रम सञ्चालन गरिने छ।
- नगर स्तरीय सिप विकास केन्द्र स्थापना गरिनेछ।
- सार्वजनिक स्थानमा धुम्रपान, मध्यपान, लागू औषध जस्ता कुलतलाई निरुत्साहित गरिदै लैजाने नीति अवलम्बन गरिने छ।
- लक्षित वर्गको हक हित संरक्षणकालागि विनियोजित रकम सोही शिर्षकमा अनिवार्य खर्च गर्नु पर्ने नीति लिईएकोछ।
- अपांगता भएका व्यक्तिहरुलाई आत्मनिर्भरता तर्फ प्रोत्साहनका कार्यक्रमहरु संचालन गरिनेछ।

**सभाध्यक्ष महोदय,**

**(इ)पूर्वाधार क्षेत्र विकास नीतिहरु ः**

- रामेछाप नगरपालिकाको वडा नं. ८ रामेछाप बजार हुदै भालुखोप, गणेशटार, वडा नं.२ देउराली शहिदगेट, वडा नं. १ गोगने रातोडाडा, चण्डेश्वरी बडा नं. ३ सुवेदीटोल, साँघुटार, वडा नं. ४ बसेरी लिखु करिडोर वडा नं. ५ कोलोञ्जोरघाट, मरिनघाट, ल्याङ्गल्याङ्ग, भिमसेनथान हुदै रामेछाप बजार सम्मको सडकलाई नगरस्तरीय चक्रपथ निर्माणकालागि विस्तृत परियोजना प्रतिवेदन प्राप्त भएको र सो सडक निर्माणकालागि संघिय तथा प्रदेश सरकारसँग अनुरोध समेत गरीएको छ र सो चक्रपथको बाकी ट्र्याक खोल्ने कार्य गरिने छ।
- पुष्पलाल पार्क देखि कोलोञ्जोरघाट सम्मको सडकलाई नगरको गौरबको योजनाको रुपमा संचालन भएकोमा सो कार्यको निरन्तरता दिईनेछ। विस्तृत परियोजना प्रतिवेदन प्राप्त भई सकेको सडक खण्डमा कालोपत्रे सडक निर्माणकालागि संघीय र प्रदेश सरकार समक्ष अनुरोध गरि कार्य अगाडि बढाईनेछ। अन्य सडकहरु नगरस्तरीय र वडास्तरमा संचालन हुनेछन।

- नगरपालिका क्षेत्र भित्र भएका संघिय तथा प्रदेश कार्यालयहरु सँग समन्वय गरि साझेदारितामा पुर्वाधार विकासका कार्यहरु संचालन गर्ने नीति अवलम्बन गरिनेछ।
- पुर्वाधार विकासमा टोल सुधार संस्था तथा समुदायको लागत साझेदारीतामा ५० प्रतिशत नगद र ५० प्रतिशत नगरपालिकाको आर्थिक साझेदारीता हुने गरि निर्माण नीति अपनाईनेछ।
- रामेछाप नगरपालिकाको निर्माणाधीन भवन सम्पन्न गर्न, कार्यालय भवन नभएका वडाहरुमा कार्यालय भवन निर्माण गर्न, निर्माण कार्य सम्पन्न हुन बाँकी वडा कार्यालय भवनको निर्माण कार्य सम्पन्न गर्न आवश्यक बजेटको व्यवस्था गरिएकोछ।
- मुल सडकहरुमा बाह्रै महिना सहजता पूर्वक यातायात संचालनको व्यवस्था गरिनेछ।
- सडक मापदण्डलाई र राष्ट्रिय भवन संहितालाई कडाईका साथ पालना गरिने छ।
- आन्तरिक तथा बाह्य पर्यटक प्रबर्द्धन गर्दै रोजगारी श्रृजना गर्न होमस्टे खोल्न प्रोत्साहन गरिने छ।
- रामेछाप बजारमा व्यवस्थित हाट बजार र बसपार्कको निर्माण गर्दै अन्य वडाहरुमा पनि बसपार्क संभाव्यता अध्ययन गरी कार्यान्वयन गरिने छ।

**(ई) वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र विकास नीतिहरु ः**

- प्रदुषण रहित खोला नाला हराभरा बनजंगल र स्वच्छ बातावरणको विकास गर्दै लगिने छ।
- सबै सामुदायिक बन उपभोक्ता समूहहरुमा नर्सरी स्थापना गरि बृक्षारोपण गर्न प्रोत्साहन अभियान संचालन गर्दै उचित स्थानहरुमा पोखरी निर्माण अभियान संचालन गरिनेछ।
- खुल्ला स्थानहरुमा वृक्षारोपण गर्दै जाने र निर्माण सम्पन्न सडकका दाँयाबाँया वातावरण अनुकूल विरुवाको वृक्षारोपण क्रमशः गर्दै जाने नीति लिइनेछ।
- बाढी, पहिरो जस्ता प्राकृतिक प्रकोपबाट हुने भू-क्षयीकरणलाई रोकथाम गर्नको लागि जोखिमयुक्त स्थानहरुमा तटबन्ध निर्माण लगायतका उपायहरु अवलम्बन गरिने छ।
- फोहोरलाई स्रोतमा नै न्यूनीकरण गर्न, पृथकीकरण गर्न, पुनःप्रयोग गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।
- सबै वडा भित्र रहेको बजारहरुमा ढल निकासको प्रबन्ध गर्दै फोहरमैला ब्यबस्थापन गर्न शहरी विकास सँगको साझेदारी गरि कार्य अगाडि बढाईनेछ।
- धुवां रहित सुधारिएको चुल्हो प्रवर्द्धन गरी महिलाको स्वास्थ्यमा सुधारका साथै इन्धन बचतको उपाय अपनाईने छ।
- जल उत्पन्न प्रकोपका लागि सजगता अपनाई यसबाट पर्न जाने प्रभाव नियन्त्रणका लागि साझेदार संस्था संग सहकार्य गरिने छ।
- नगर प्रहरी भर्ना गरी नगरलाई बातावरणीय स्वच्छता कायम गर्दै यातायातको सु-व्यवस्थापन गरिने छ।

- बातावरण बिनाश र भू-क्षय नहुने गरी सडकहरुको स्तरोन्नति गरिनेछ । बातावरण संरक्षण र हरित शहर निर्माणमा जोड दिईने छ ।
- रामेछाप नगरपालिका जलवायु परिवर्तनको असरबाट प्रत्यक्ष रुपमा प्रभावित भएको, पानीको मुहानहरु सुक्दै गई रहेको हुंदा जलवायु परिवर्तनको असर न्यूनीकरणका लागि साझेदारहरु संगको सहकार्यका लागि जोड दिईनेछ । यस्तो समस्या समाधानकालागि प्रदेश सरकार र संघीय सरकारमा समेत बिशेष अनुरोध गरिनेछ ।
- लोपोन्मुख बन्यजन्तु सालकको संरक्षण गर्न साझेदार निकायहरुसँग समन्वय गरी कार्यक्रम संचालन गरिनेछ ।
- वातावरण सँग सरोकार राख्ने संघ संस्था सँग समन्वय गरि बातावरणको संरक्षणका कार्यहरु गरिनेछ ।
- भैपरि आउने विपद् व्यवस्थापनका लागि साझेदारीतामा तालिमका कार्यक्रमहरु संचालन गरिनेछ ।
- समसामयिक स्वास्थ्य अवस्थालाई मध्यनजर राख्दै दुई थान एम्बुलेन्स खरिद गरिनेछ ।
- विपद् जोखिम न्यूनिकरणकालागि अवाश्यक सामाग्रीहरुको व्यवस्थापन गरिनेछ ।

**सभाध्यक्ष महोदय,**

**(उ) संस्थागत विकास तथा सेवा प्रवाह क्षेत्र विकास नीतिहरु ः**

- यस नगर कार्यपालिकाको कार्यालय र अन्तर्गतका वडा कार्यालयहरुबाट प्रवाह हुने सेवा छिटो, छरितो र प्रभावकारी बनाउन विद्युतीय सूचना प्रविधिको अधिकतम प्रयोग गरिनेछ ।
- उपभोक्ता समितिका पदाधिकारीहरुका लागि आयोजना निर्माण प्रक्रिया सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- नगरपालिकाका कर्मचारीहरुका लागि क्षमता विकास तालिम सञ्चालन गरिनेछ ।
- फोहोरमैला व्यवस्थापन, व्यवस्थित सहरीकरण, पर्यटन प्रवर्द्धन, सेवा प्रवाह आदि क्षेत्रमा नमूना तथा उल्लेखनीय कार्य गर्ने नगरपालिकाहरुमा अध्ययन तथा अवलोकन भ्रमण गरी प्राप्त असल अभ्यास लाई अनुकरण गरिनेछ ।
- सरकारी सेवा सुविधा प्रदान गरिने निकायमा दक्षता, जवाफदेहिता, पारदर्शिता, प्रभावकारीता र भ्रष्टाचार मुक्त शासन सुनिश्चीत गर्नु नगरपालिकाको आधारभुत नीति हुनेछ ।
- नगर तथा वडामा आवश्यक कर्मचारी पूर्ति गरिनेछ र कर्मचारीहरुको कार्य बिवरण तोकिने छ । जिम्मेवारी बहन गर्ने कर्मचारीलाई नगरपालिकाको क्षमता हेरी थप सुविधा दिईने छ ।
- पदाधिकारी तथा कर्मचारीहरुको क्षमता अभिबृद्धि तालिमको संचालन गरिनेछ ।
- नगर क्षेत्र भित्रका उत्कृष्ट कार्य गर्ने वडा कार्यालय, स्वास्थ्य चौकी, उपभोक्ता समिति, टोल सुधार समिति र कर्मचारीलाई पुरस्कृत गरिने नीति लिईएको छ ।
- सामाजिक सुरक्षा वितरण प्रणाली र व्यक्तिगत घटना दर्ता पद्धतिलाई प्रभावकारी र सूचनामैत्री बनाईनेछ ।

- आवश्यक विभिन्न कानूनहरु (ऐन, नियम र कार्यबिधि) निर्माण गरिनेछ।
- कार्यविधि अनुसार सबै वडामा टोल सुधार संस्था गठन गरी विकास निर्माणका सम्पुर्ण पक्षमा सहभागिता गर्ने गराउने तथा स्वास्थ्य, शिक्षा र बातावरणीय चेतना अभिबृद्धि गरिनुका साथै वित्तीय व्यवस्थापन र सुशासन कायम गरिने छ।
- अति विपन्न, अशक्त, अपाङ्गता, एकल महिलाका लागि नक्सा पास, विद्युत, खानेपानी जस्ता दस्तुर र व्यवसाय करमा आर्थिक विधयेकमा व्यवस्था भए अनुसार कर छुट सहुलियत दिने नीति लिइनेछ।
- बजार क्षेत्र र ग्रामीण क्षेत्रमा राजस्व परिचालन न्यायोचित रुपमा गरिनेछ।
- सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षणको माध्यमबाट जनता प्रतिको जवाफदेहिता प्रबर्द्धन गरिनेछ।
- बेरुजु फछ्र्यौटका लागि कानुनी प्रक्रिया अगाडी बढाइनेछ।
- बेरुजु रहने अवस्थाको अन्त्य गर्नको लागि पेश्की शुन्य नीति अवलम्बलन गरिने छ।
- नगरपालिकाको सार्वजनिक जग्गा जमिनको लगत संकलन गर्ने र सार्वजनिक जग्गा जमिन अतिक्रमण गरि घर टहरा निर्माण गर्न निरुत्साहित गर्ने नीति अवलम्बन गरिनेछ।
- कार्यालयवाट उत्पादन र प्रशारण गर्नुपर्ने  सूचना राष्ट्रिय पत्रिका तथा स्थानिय एफ.एम. र पत्रिका मार्फत जनतामा सूचना प्रशारण गर्ने प्रबन्ध मिलाइनेछ।
- कार्यालय तथा वडा स्तरसम्मको विकास प्रगति सुद्रीढिकरणको लागि विद्युतिय माध्यामवाट कन्फरेन्स गर्ने प्रविधिको व्यवस्था मिलाइनेछ।
- विकासमा विवादमुक्त वडा वनाउन स्थानिय समुहलाई सकरात्मक सोच र सकरात्मक विभेदका कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ।
- सुशासनका लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय अभ्यासहरुलाई आत्मसात गरि आबश्यक कानूनहरु वनाइनेछ।
- रामेछाप नगरपालिकाको ऐन, कानुनहरुको बारेमा आवश्यकता अनुसार अभिमुखिकरण गरिनेछ।
- सार्वजनिक खरिदलाई प्रतिष्पर्धात्मक बनाउन विद्युतिय बोलपत्र विधिलाई उच्च प्राथमिकता दिईनेछ।
- सम्बन्धित क्षेत्रका समुह, संस्थाहरुलाई वित्तिय साक्षरताका कार्यक्रमहरु संचालन गरिनेछ।
- योजना अनुगमनको क्रममा आवश्यकता बमोजिम विशेषज्ञ सहितको अनुगमन प्रक्रिया समेत अपनाईनेछ।

***सभाध्यक्ष महोदय,***

आगामी आर्थिक वर्षमा सञ्चित कोष तर्फ संघीय सरकारबाट प्राप्त हुने वित्तिय समानीकरण अनुदान १५ करोड १२ लाख, सशर्त अनुदान चालु २५ करोड ४ लाख, सशर्त  अनुदान पुँजिगत ३० लाख, समपुरक अनुदान पुँजिगत ८७ लाख, बागमती प्रदेश सरकारबाट प्राप्त हुने वित्तिय समानीकरण अनुदान १ करोड १ लाख ५८ हजार, सशर्त अनुदान चालु ५५

लाख ८४ हजार, सशर्त अनुदान  पुँजिगत १ करोड २० लाख, विशेष अनुदान पुँजीगत ४० लाख, समपुरक अुनदान पुँजीगत १ करोड ८७ लाख ३६ हजार, संघिय सरकार तथा बागमती प्रदेश सरकारबाट राजश्व बाँडफाँड वापत प्राप्त हुने ११ करोड ७६ लाख ८८ हजार ४ सय ६० र नगरपालिकाको विभिन्न शिषर्कबाट प्राप्ट हुने आन्तरिक आय तथा अ.ल्या. समेतबाट प्राप्त हने २ करोड  ४५ हजार समेत गरी **कुल ६० करोड १५ लाख ११ हजार ४ सय ६०** आम्दानी हुने अनुमान गरिएकोछ ।

त्यस मध्ये चालु तर्फ नगरकार्यपालिका कार्यालय तर्फ ९ करोड ९३ लाख २६ हजार ४ सय ६०, वडा कार्यालय तर्फ ८५ लाख ५० हजार, विषयगत शाखा तर्फ ३ करोड ६० लाख ९५ हजार, र पुँजिगत तर्फ नगरकार्यपालिका  ११ करोड ३६ हजार, वडा कार्यालय तर्फ ८ करोड ६३ लाख, विषयगत शाखा तर्फ १ करोड ५२ लाख २० हजार, विनियोजन गरिएकोछ। यसबाट आर्थिक वर्ष २०७७/०७८ का लागि चालु ३८ करोड ९९ लाख ५५ हजार ४ सय ६० र पुँजिगत २१ करोड १५ लाख ५६ हजार,  कुल जम्मा **६० करोड १५ लाख ११ हजार ४ सय ६०** व्यय हुने अनुमान गरी सन्तुलित बजेट निर्माण गरिएको छ। यसका साथै समय समयमा संघिय सरकार, प्रदेश सरकारबाट प्राप्त हुने सामाजिक सुरक्षा भत्ता, गरिब सँग विश्वेश्वर कार्यक्रम लगायत विभिन्न कार्यक्रमहरुमा प्राप्त हुने रकमलाई कार्यक्रमको उद्धेश्य अनुरुप आम्दानी बाधि खर्च गरिनेछ।

**सभाध्यक्ष महोदय,**

आगामी आर्थिक वर्षकालागि देहायका शिर्षकहरुलाई प्राथमिकता साथ बजेट विनियोजन गरिएको छ।

**१.** स्वास्थ्य सेवा तर्फ १ करोड ३० लाख मध्ये कोरोना भाईरस नियन्त्रण, साँघुटार स्वास्थ्य चौकीलाई प्राथमिक स्वस्थ्य केन्द्रमा स्तरोन्नती, विशेषज्ञ डाक्टर सहितको स्थास्थ्य घुम्ती सेवा, महिला स्वास्थ्य स्वयमसेवीका प्रोत्साहन, गर्भवती महिलाहरुकोलागि प्रोत्साहन कार्यक्रम लगायत कार्यक्रमहरुलाई प्राथमिकता दिईएको छ।

**२.** कृषि विकास तर्फ १ करोड १५ हजार मध्ये एक वडा एक कृषि प्राविधिक, विउ बिजन विषादीको लागि शत प्रतिशत अनुदान, किसानहरुलाई ५० प्रतिशत अनुदानमा हाते ट्याक्टर वितरण, मल ढुवानी अनुदान र विउ बैंकलाई प्राथमिकतामा राखीएको छ।

**३.** पशु विकास तर्फ ६३ लाख ५० हजार मध्ये एक वडा एक पशु स्वास्थ्य प्राविधिक, एक घर एक पशु बिमा, सुत्केरी गाई भैंसि स्याहार सुसार प्रवर्धन कार्यक्रम, साना डेरी स्थापाना अनुदान लगायत महामारी रोग नियन्त्रणलाई प्राथमिकतामा राखीएकोछ।

**४.** शिक्षा तर्फ ७९ लाख मध्ये नगर स्वयमशिक्षक सहयोग कार्यक्रम, विद्यालयको क्षमता विकास र सुदृढिकरण कार्यक्रम, एक वडा एक विद्यालय शिक्षण सिकाई कार्यक्रम र अनुगमत प्रतिवेदनको आधारमा शैक्षिक सुधार कार्यक्रमलाई प्राथमिकतामा राखीएकोछ।

**५.** नगरबासीहरुको सुचनाको हकलाई सुनिश्चित गर्न तथा नगरपालिकाको काम कारबाहीलाई पारदर्शि र जवाफदेहि बनाउनका लागि स्थानिय संचार माध्यामहरुलाई प्रवर्धन र परिचालन गर्नकालागि आवश्यक बजेटको व्यवस्था गरिएकोछ।

**६.** नगर क्षेत्र भित्र रहेका यूवाहरुमा उद्यमशिलता विकास गर्नकालागि मोवाईल मर्मत, ईलेक्ट्रिसियन, फर्निचर निर्माण/मर्मत तालिमहरुलाई प्राथमिकतामा राखी आवश्यक बजेट विनियोजन गरिएकोछ।

७. नगर क्षेत्र भित्र रहेका नागरीकहरुमा विभिन्न सिप र क्षमताको पहिचान गरि उद्यमशिल बनाउन नगर स्तरीय सिप विकास केन्द्र संचालन गरिनेछ सो को लागि २६ लाख विनियोजन गरिएको छ।

८. नगर क्षेत्र रहेका रुग्न उद्योग तथा प्रविधि हस्तान्तरणलाई प्राथिमिकता दिई बजेट विनियोजन गरिएको छ।

९. सहकारीहरुको क्षमता अभिबृद्धि गर्दै विगतमा गरिबि निवारण कोषबाट प्रवर्धित सामुदायिक संस्थाहरुमा रहेको घुम्ती कोषको प्रभावकारीतामा बृद्धि गरी आयआर्जनको क्रियाकलाप संचालन गर्ने तथा वडा स्तरीय सहकारी दर्ता प्रक्रियालागि आवश्यक बजेटको व्यवस्था गरिएको छ।

१०. खेलकुदको विकास गर्नकालागि नगरस्तरीय फुटबल, भलिबल, व्याडमिन्टन लगायतका खेल संचालन गर्नको लागि अवाश्यक रकमको विनियोजन गरिएको छ।

११. नगर क्षेत्र रहेका यूवा/यूवतिहरुलाई सार्वजनिक सेवामा आकर्षण गर्नकालागि लोक सेवा तयारी कक्षा संचालन गर्न आवश्यक बजेट विनियोजन गरिएको छ।

१२. वडा स्तरीय मेलमिलापकर्ताहरुकालागि विवाद मिलापत्रकालागि प्रोत्साहन सुविधालागि आवश्यक बजेटको व्यवस्था गरिएको छ।

१३. बाल अधिकार सुनिश्चितता तथा विकासकोलागि बाल सञ्जाल क्षमता विकास र प्रभावकारी परिचालनकालागि आवश्यक बजेट विनियोजन गरिएको छ।

१४. सिमान्तकृत वर्गको जिविकोपार्जन तथा आयआर्जनका क्रियाकलाप संचालनकालागि १० लाख ५० हजार बजेट विनियोजन गरिएको छ।

**वडा स्तरीय कार्यक्रम तर्फ देहाय बमोजिम रकम विनियोजन गरिएको छ।**

चालु तर्फ प्रत्येक वडा लाई ९ लाख ५० हजारको दरले ९ वटा वडालाई ८५ लाख ५० हजार विनियोजन गरिएको छ। पुँजिगत तर्फ वडा नं. १ लाई ७९ लाख ८ हजार ३ सय ८५, वडा नं. २ लाई ९० लाख ७९ हजार ६ सय १६, वडा नं. ३ लाई ७३ लाख ४ हजार ९ सय ८१, वडा नं. ४ लाई १ करोड १७ लाख ६ हजार ३ सय ३२, वडा नं. ५ लाई १ करोड १७ लाख १५ हजार ९ सय ८, वडा नं. ६ लाई ९८ लाख ४० हजार ७ सय ६७, वडा नं. ७ लाई १ करोड ७ लाख ३४ हजार ५ सय ९७, वडा नं. ८ लाई ९६ लाख १३ हजार ३ सय १ र वडा नं. ९ लाई ८३ लाख ९६ हजार १ सय ८ रुपैंया गरि पुँजिगतमा जम्मा ८ करोड ६३ लाख र चालु र पुँजिगत समेत वडा तर्फ कुल जम्मा ९ करोड ४८ लाख ५० हजार विनियोजन गरिएको छ।

**नगर स्तरीय कार्यक्रम तर्फ देहाय बमोजिमको रकम विनियोजना गरिएको छ।**

अगुवा कृषकलाई प्रोत्साहन कार्यक्रम (स्थानीय जातको कुखुरा र बंगुरपालन) १० लाख, साना सिंचाई तथा खानेपानी योजना मर्मत सम्भार तथा खानेपानी पाइप खरिद २० लाख, सीमान्तकृत वर्ग उत्थान जीविकोपार्जन तथा आय आर्जन कार्यक्रम संचालन १० लाख ५० हजार, लाम्पाते खानेपानी लिफ्ट योजना वडा नं. ६ (क्रमागत) २४ लाख, कालीकुवा डिपबोरिङ खानेपानी योजना वडा नं. ७ (क्रमागत) २४ लाख, वडा नं. ४ को तारुकेटार गिजनटार सिंचाई योजना ४२ लाख, वडा नं. ३ कमलावारी मुहान संकलन तथा बृहत खानेपानी योजना २० लाख, वडा नं. ५ रामपुर बसन्तपुर चुकियाघाट सडक स्तरोन्नती १६ लाख ५० हजार, वडा नं. १ देवालीचौर चण्डेश्वरी सडक स्तरोन्नती १६ लाख ५० हजार, वडा नं. ८ सिमन्ती डुडे हुदै भोटेटार सडक १६ लाख ५० हजार, वडा नं. २ किउरेपानी डाँडा देवालीचौर आधुनिक

खेलकुद मैदान १३ लाख, वडा नं. ९ वडा कार्यालय परिसरमा वाल निर्माण १३ लाख, एम्बुलेन्स खरिद (रामपुर र गोठगाँउमा रहने गरी) २४ लाख गरि जम्मा २ करोड ५० लाख रकम विनियोजन गरिएको छ।

आर्थिक वर्ष २०७६/०७७ मा शुरु भएका क्रमागत योजनाहरु वडा नं. ७ मा रहेको भ्यू टावर निर्माण, नगर स्तरीय कबर्ड हल सुकाजोर, हिलेपानी देखी भालुखोप सम्म कालोपत्रे सडक निर्माण, नगरस्तरीय सेफ हाउस निर्माण, वडा कार्यालय भवनहरु (१,३,६ ७, ८ र ९) निर्माण, नगरपालिकाको प्रशासनिक भवन निर्माण, हिलेपानी कुशवशेरी सडक स्तरोन्नती र साँघुटार तल्लो बजार व्यवस्थापन आयोजनाहरुलाई यस आ.व. मा समेत क्रमागत योजनाको रुपमा निन्तरता दिईएकोछ।

**सभाध्यक्ष महोदय,**

उल्लेखित नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्ने क्रममा मार्ग दर्शन गर्नु हुने आदरणीय नगरपालिका प्रमुख ज्यू, बजेटमा मार्गदर्शन गर्नुहुने नगरकार्यपालिकाका सदस्यज्यूहरु प्रति हार्दिक आभार प्रकट गर्दछु । बजेटको सिद्धान्त र प्राथमिकतामा व्यापक छलफल गरी नीति तथा कार्यक्रममा तयारीका क्रममा सुझाव दिनुहुने राजनैतिकदलहरु, कर्मचारीहरु, नीजि क्षेत्र, सहकारी क्षेत्र, नागरिक समाज र सम्पूर्ण नगरबासी दाजुभाई दिदीबहिनीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु। साथै नीति, कार्यक्रम र बजेट कार्यान्वयनको लागि सम्पूर्ण नगरवासीहरु एवं सम्बद्ध सबै पक्षहरुबाट आवश्यक सहयोग र सल्लाहको अपेक्षा एवं रचनात्मक पृष्ठपोषण प्राप्त हुने विश्वास लिएको छु । नगरबाट सञ्चालन हुने विकासका गतिविधिहरुमा विभिन्न किसिमले सहयोग गर्नुहुने राजनैतिक दल, गैरसरकारी, सामुदायिक एवं निजी संघसंस्था, उद्योगी व्यवसायी, बुद्धिजीवी, सञ्चारकर्मी एवं नगरपालिकाका कर्मचारीहरु प्रति हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु।

धन्यवाद।

सृजना खड्का

उप प्रमुख

मिति : २०७७ असार १० गते, बुधबार।